नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(कर्मचारी कल्याण शाखा)
फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

## सामूहिक दूर्घटना बीमासम्बन्धी सूचना

यस मन्त्रालय र राष्ट्रिय बीमा कम्पनी लि. बीच मिति २०७९।०५।२१ मा भएको सम्झौता बमोजिम सवै सङ्घीय निजामती कर्मचारीको मिति २०७९।०५।२१ देखि २०८०।०५।२० सम्मका लागि रु. १० लाखको सामूहिक दूर्घटना बीमा भै सवै निकायमा परिपत्र समेत भैसकेको र यस मन्त्रालयको वेवसाईटमार्फत् जानकारी गराईएको छ । सङ्घीय निजामती कर्मचारीको दूर्घटना भै मृत्यु, स्थायी पूर्ण अशक्तता, स्थायी आंशिक अशक्तता, अस्थायी पूर्ण अशक्तता र औषधीउपचार गर्नु परेमा बीमाको सुविधाबमोजिम औषधीउपचार वापत रु. १ लाखसम्म र मृत्युको हकमा बीमा वापत रु. १० लाखसम्मको सुविधा प्राप्त हुने भएकोले सम्बद्ध कर्मचारीले दूर्घटना भएको मितिले ३५ दिनभित्र राष्ट्रिय बीमा कम्पनी वा सो मातहतका कार्यालय एवं यस मन्त्रालयलाई समेत जानकारी गराउनु हुन सूचित गरिन्छ । यस कार्यक्रमसम्बन्धी कार्यविधि र बीमालेखसमेत यस मन्त्रालयको वेवसाईट www.mofaga.gov.np तथा देहायबाट अवगत गर्न सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**देहाय :**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्मचारी कल्याण शाखा,
सम्पर्क नं. ०१-४२००३०९ (शाखा अधिकृत रमेश कुमार शाह)

राष्ट्रिय बीमा कम्पनी लिमिटेड, दाबी विभाग, रामशाहपथ, काठमाडौं ।
सम्पर्क नं. ०१-४२५८८६६ (Ex. २०५ र २०६)
सम्पर्क इमेल: nl.misc@rbcl.gov.np वा info@rbcl.gov.np वा madhav.upadhaya@rbcl.gov.np
सम्पर्क व्यक्ति: माधव प्रसाद उपाध्याय, सह व्यवस्थापक, दाबी विभाग ।

*नोट: राष्ट्रिय बीमा कम्पनी लिमिटेडको पायक पर्ने शाखा कार्यालयहरूबाट पनि बीमा दावीको कागजातहरू पेश गर्न सकिने छ ।*

मिति : २०७९।०५।२३